कार्यपालिका बैठक मिति : २०८२।०६।०८ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०६।०१ गते।

<u>मिति २०८२।०६।०८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू</u>

१. निर्णय समिक्षा सम्बन्धमा।
२. पर्यटन बोर्ड STP कार्यक्रममा लागत साझेदारी गर्ने सम्बन्धमा।
३. ल्हो गाउँ आगालागी राहात वितरण सम्बन्धमा।
४. चुम्लिङ घटना राहात सम्बन्धमा।
५. संघीय अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा।
६. विपद् क्षतिग्रस्त नीजि आवास पुननिर्माण सम्बन्धी कार्यविधि तर्जुमा सम्बन्धमा।
७. वडा कार्यालयहरू उद्धाटन गर्ने सम्बन्धमा।
८. राजश्व दाखिला सम्बन्धमा।
९. आरोही सम्मान गर्ने सम्बन्धमा।
१०. सिर्दिवास स्वास्थ्य चौकीमा मेडिकल अधिकृत पदपुर्ति सम्बन्धमा।
११. पालिका स्तरीय भलिबल प्रतियोगिता सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. मनास्लु सर्किट पदमार्ग सुधार STP लागत साझेदारी कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट ५० लाख बजेट विनियोजन भएकोमा नेपाल पर्यटन बोर्ड STP कार्यक्रमसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न गाउँपालिका अध्यक्षलाई आवश्यक सम्झौता गर्न अख्तियारी प्रदान गर्ने।
३. चुमनुब्री गाउँपालिका वडा नं २ ल्हो गाउँमा मिति २०८२।०४।३० गते र सोही वडा स्यो गाउँमा मिति २०८२।०५।१८ गते आगालागी भई तपसिलका घरधनीको घरमा क्षति भएको हुँदा प्राविधिक मुल्यांकन गराई अर्को बैठकमा पेश गर्ने।

तपसिल

| सि नं | नामथर | ठेगाना | कै |
|---|---|---|---|
| १ | तेन्जिन लामा | चुमनुब्री-२ ल्हो | |
| २ | ठिले लामा | चुमनुब्री-२ ल्हो | |
| ३ | टासी लामा | चुमनुब्री-२ ल्हो | |
| ४ | घ्याचो लामा | चुमनुब्री-२ ल्हो | |
| ५ | छिमि लामा | चुमनुब्री-२ ल्हो | |
| ६ | पेमा लामा | चुमनुब्री-२ ल्हो | |
| ७ | छेवाङ रिक्जीन लामा | चुमनुब्री-२ ल्हो | |
| ८ | पेम्वा छिरिङ लामा | चुमनुब्री-२ स्यो | |
| ९ | लाक्पा नुर्बु लामा | चुमनुब्री-२ स्यो | |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

छिमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

४. चुमनुब्री गाउँपालिका वडा नं ६ चुम्लिङमा भिरबाट लडेर मृत्यू भएका तपसिलका मृतकका हकवालालाई पोष्टमार्टम रिपोर्ट, प्रहरी मुचुल्का तथा वडा कार्यालयको सिफारिसको आधारमा प्रकोप व्यवस्थापन कोषबाट जनही परिवार १/१ लाख रूपैँया राहत स्वरूप भुक्तानी दिने ।

५. नेपाल सरकार मन्त्रिपरिषद् बाट मिति २०८२।०६।०५ गतेको निर्णय बमोजिम अर्थ मन्त्रालयले मिति २०८२।०६।०७ गते प्रकाशन गरेको विज्ञप्ति बमोजिमका बुँदाहरू चुमनुब्री गाउँपालिकामा कार्यान्वयन गर्ने ।

६. चुमनुब्री गाउँपालिका भित्र विपद्बाट क्षतिग्रस्त भएका नीजि आवासहरूको पुनर्निर्माण तथा वस्ती स्थानान्तरण गर्ने प्रयोजनका लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गरी अर्को बैठकमा पेश गर्ने ।

७. चुमनुब्री गाउँपालिका वडा नं ३ र ४ को नयाँ वडा कार्यालय भवन निर्माण सम्पन्न भएको हुँदा उक्त भवनहरूको उद्घाटन गर्नका लागि वडा कार्यालय भवन उद्घाटन समारोह व्यवस्थापन शिर्षकमा रू ४ लाख बजेट विनियोजनका लागि आगमी गाउँसभामा पेश गर्ने ।

८. चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालयलबाट आ व २०८१।८२ मा रू १४९३० रुपैयाँ बराबरको राजश्व कट्टी सुत्र प्रणालीबाट प्राविधिक समस्याका कारण कट्टी नभएको हुँदा उक्त रकम गाउँपालिकाको विविध खर्च शिर्षकबाट व्यवस्थापन गरी नियमानुसार दाखिला गर्ने ।

९. चुमनुब्री गाउँपालिका वडा नं १ की स्थायी वासिन्दा श्री छिरिङ दिकी लामाले मनास्लु हिमालको सफलतापुर्वक आरोहण गरेको हुँदा सम्मानस्वरूप रू ७००००।- (सत्तरी हजार नगद कर सहित) सम्मान गर्ने ।

१०. सिर्दवास स्वास्थ्य चौकी मेडिकल अधिकृत पदपुर्तिका लागि विज्ञापन आह्वान गर्ने र पदपुर्ति गरी सेवा सञ्चालन गर्ने ।

११. आ व २०८२।८३ को पालिकास्तरीय भलिबल प्रतियोगिता आयोजना कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्ताव स्विकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष